तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

फोन नं.: ०८२-५२०२३३
दमकल ५२०३०५
५२०३२६
५२२०३६

पत्रसङ्ख्या :-

चलानी नं. :-

## नृत्य कला प्रतियोगिता कार्यक्रम संचालन प्रस्ताव आह्वान सम्वन्धी सुचना !

### प्रथम पटक सुचना प्रकाशित मिति २०७८/८/१

तुलसीपुर उपहानगरपालिका नगरकार्यपालिकाको कार्यालयले आ.ब. ०७८/०७९ को पर्यटन तथा संस्कृति प्रवर्द्धन शाखा अन्तर्गतका योजना/ आयोजना/ कार्यक्रम मध्ये साहित्य कला,लोक गित र नृत्य कला संरक्षण र विकास संम्बन्धी विभिन्न कार्यक्रमा बजेट विनियोजन गरेको र त्यसै सन्दर्भमा तुलसीपुर नगर क्षेत्रका नृत्य कलालाई प्रबर्द्धन तथा संरक्षण गर्न र उत्कृष्ट प्रतिभा भएका व्यक्तीहरुको पहिचानको लागि तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको आयोजनामा एकल लोक नृत्य प्रतियोगिता कार्यक्रम संचालन गर्न लागिएको हुदां उक्त कार्यक्रममा तुलसीपुर नगर क्षेत्रका नृत्य कलाकारको सहभागिताको लागि मिति २०७८ साल मंसिर १ गते का दिन प्रथम पटक यो सुचना प्रकाशित गरिएको छ ।

निम्न शर्तहरु पालना गर्ने गरी सहभागी हुन इच्छुक व्यक्तीहरुले सुचना प्रकाशित गरिएको मितिले १५ दिन भित्र कार्यालय समयमा तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको सम्वन्धीत शाखामा आफूले नृत्य गर्ने गित समेत संलग्न राखी निवेदन पेश गर्न यो सुचना प्रकाशन गरिएको छ । थप जानकारी र विवरणको लागि यस कार्यालय अन्तर्गत रहेको पर्यटन तथा संस्कृति प्रवर्द्धन शाखामा सम्पर्क गर्नुहुन समेत सुचित गरिन्छ । कार्यक्रम हुने मिति ,स्थान र समय सहभागी छनोट भए पछि जानकारी गराईने छ ।

शर्तहरु

१. लोक नृत्य प्रतियोगितामा २५ वर्ष सम्मका व्यक्तीलाई सहभागी गराईने छ ।

२. नृत्यकोलागि सहभागीहरु तुलसीपुर उपमहानगरपालिकामा स्थायी वसोवास भएको हुनु पर्नेछ ।

३. तुलसीपुर उपमहानगरपालिकाले तयार गरेको ढांचामा निवेदन पेश गर्नु पर्ने छ ।

४. समय अवधिभित्र आएका निवेदनहरु लाई मात्र मान्यता दिईने छ ।

५.परम्परागत भेषभूषामा नृत्य पदर्शन गर्ने सहभागिहरुलाई प्राथमिकता दिईने छ ।

६. कार्यक्रममा कुनै विवाद हुन आएमा मूल्यांङकन समितिले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

**आवश्यक कागजातहरु**

१.नागरीकताको प्रतिलिपी वा जन्म दर्ताको प्रतिलिपी ।

२. वसाई सरी आएको भए संवन्धीत वडा समितिको कार्यालयको स्थायी वसोवास सिफारीस वा वसाई सराईको प्रमाण प्रतिलिपि ।

३.विवाहीत भए विवाह दर्ता प्रमाणको फोटोकपि ।

अधिकृत